# मैले मेरो नानीको डक्टरलाई कतिखेर बोलाउनु पर्छ?

## When Should I Call My Baby's Doctor?

**Call 911** if your baby turns blue or has trouble breathing.

**Call your baby's doctor** if your baby has any of the following:

- Cries non-stop for several hours or is more irritable and soothing does not stop crying
- Hard to wake up
- Fever:
  - A rectal temperature (in baby's bottom) of 100.4° F or higher, or an armpit (axillary) temperature of 99° F or higher
  - Fever does not come down with medicine
  - Fever lasts more than 24 hours
- A lot of discharge from the eyes
- A hard time breathing or skin below or between baby's ribs pulls in when breathing.
- Yellowing or rash on the skin that gets worse
- Redness, discharge or a foul smell from a healing umbilical cord or circumcision
- Breastfeeding less often or taking less formula for more than 8 hours
- Green vomit or vomiting after more than 2 feedings in a row
- Fewer than 6 to 8 wet diapers in 24 hours
- Constipation or diarrhea
- Cough that will not go away, especially if there is a rash

**911 मा कल गर्नुहोस्** यदि तपाईंको नानी नीलो पर्छ वा उसलाई सास फेर्न गाह्रो भइरहेको छ भने।

**आफ्नो नानीको डक्टरलाई कल गर्नुहोस्** यदि तपाईंको नानीलाई निम्नमध्ये कुनै समस्या भइरहेको छ भने:

- कैयौँ घण्टासम्म नरोक्किइकन रुन्छ वा साह्रै दिक्दारी लगाइरहेको छ अनि थुमथुम्याउँदापनि रुन बन्द गर्दैन।
- जगाउन गाह्रो भइरहेको छ
- ज्वरोः
  - गुदद्वारको तापमान (शिशुको चाकमा) 100.4° फेह्रेनहेट वा धेरै छ, अथवा कोखेलोको (एक्जिलरी) तापमान 99° फेह्रेनहेट वा धेरै छ
  - औषधी खुवाएरपनि ज्वरो ओर्लँदैन
  - ज्वरो 24 घण्टाभन्दा बढी रहन्छ
- आँखबाट धेरै पानी बग्छ
- सास फेर्न गाह्रो हुन्छ वा शिशुको करङ मुनि र बिचको छाला सास फेर्दा धस्सिन्छ।
- छाला पहेंलो हुन्छ वा छालामा बिमिराहरू उठ्छन् जो झनै बिग्रँदै जान्छ
- निको भइरहेको नाइटो वा लिङ्गको टुप्पोको छाला काटिएको ठाउँमा रातोपन, स्राव वा दुर्गन्ध आउँछ
- 8 घण्टाभन्दा धेरै समयदेखि स्तनपान कम गर्नु वा फर्मूला आहार कम खान्छ
- लगातार दुईपटक आहार खुवाइएपछि हरियो बान्ता गर्नु वा उल्टी गर्छ
- 24 घण्टामा 6 देखि 8 भन्दा कम डाइपरहरू भिजाउँछ
- कब्जियत र पखाला
- निको नहुने खोकी, खासगरि बिमिराहरू उठेको बेलामा

- Cough that will not go away, especially if there is a rash
- Poor muscle control or baby feels floppy when held
- Convulsions or seizures (body gets stiff, eyes rolls, legs thrash around)
- Baby seems to have a earache (stiff neck or pulls at ears).

If you have any concerns about your baby's health, call your baby's doctor, family doctor or health clinic. Be sure to tell them the baby's name and age.

Never be shy about calling the doctor's office. Often talking to your baby's doctor or nurse will help you decide if your baby needs medical care. When you call the doctor, have written down:

- What is wrong with your baby and when the signs started
- Your baby's rectal temperature
- Any allergies your baby has to food, medicine or environment
- Name and phone number of your pharmacy
- Type of medicine you have given and how much

Keep a paper and pen nearby to write down the doctor's instructions.

- निको नहुने खोकी, खासगरि बिमिराहरू उठेको बेलामा
- मासपेशीहरूमा नियन्त्रण हुँदैन वा नानीलाई बोक्दा लल्याक-लुलुक हुन्छ
- बटारिन्छ वा मुर्छा पर्छ (शरीर कडा हुन्छ, आँखाहरू बटार्छ, खुट्टाहरू फ्याँक्छ)
- नानीलाई कान दुखेको जस्तो देखिन्छ (गर्दन कडा छ वा कानहरू तान्छ)

यदि तपाईंलाई आफ्नो नानीको स्वास्थ्यको सम्बन्धमा कुनै चिन्ता छ भने आफ्नो बच्चाको डक्टर, पारिवारिक डक्टर वा स्वास्थ्य क्लिनिकलाई कल गर्नुहोस्। उनीहरूलाई नानीको नाम र आयुको जानकारी दिने कुरा सुनिश्चित गर्नुहोस्।

डक्टरको अफिसमा कल गर्नमा कहिल्यै सङ्कोच नगर्नुहोस्। आफ्नो बच्चाको डक्टर वा नर्ससित कुरा गरेपछि तपाईंको नानीलाई चिकित्सा सेवा चाहिन्छ वा चाहिँदैन भनी निर्णय गर्नमा तपाईंले प्रायः मद्दत पाउनु हुन्छ। डक्टरलाई कल गर्दा, यी कुराहरू लेखेर राख्नुहोस्:

- तपाईंको नानीलाई के समस्या भइरहेको छ र लक्षणहरू कहिले सुरु भएका हुन्
- तपाईंको नानीको गुदद्वारको तापमान
- तपाईंको नानीलाई खाना, औषधी वा वातावरणसित सम्बन्धित कुनै एलर्जीको जानकारी
- तपाईंको फार्मेसीको नाम र फोन नम्बर
- तपाईंले नानीलाई कुन औषधी दिनुभएको छ र कति मात्रामा

डक्टरका निर्देशनहरू लेख्नका लागि नजिकैमा कागज र कलम राख्नुहोस्।

© 2007 - November 20, 2019, Health Information Translations.

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.